**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७४ सालको मुद्दा नं. ०७४-RB-००४४

निर्णय नं. ३६

**मुद्दाः-आयकर (२०६८/०६९)।**

श्री गणपती वनस्पती प्रा.लि. सिमरा बारा (स्थायी लेखा नं. ३०००२१८७३) को तर्फबाट अख्तियार प्राप्त संचालक रोहित गुप्ता..............................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१

श्रीमान् महानिर्देशक, आन्तरिक राजस्व विभाग, काठमाण्डौ..............................१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक शोभाकान्त पौडेल।

शुरु निर्णय मितिः - २०७३/०६/१८

शुरु निर्णय गर्ने कार्यालयः- श्री ठूला करदाता कार्यालय, ललितपुर ।

यसमा ठूला करदाता कार्यालय, ललितपुरको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ।

**तथ्य खण्ड**

१. करदाता श्री गणपती वनस्पती प्रा.लि.ले आ.व. २०६८/०६९ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार उद्योगको रू. ५,९३,२२,५७१।०० करयोग्य नोक्सानी देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६९/०९/२२ मा विवरण पेश गरेको ।

२. उक्त आ.व. को लागि यस कार्यालयबाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलगन कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन

आएको प्रतिवेदन समेतलाई आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको यस आ.व.२०६८।०६९ को सम्बन्धमा आयकर ऐन २०५८ बमोजिम कट्टि गर्न नपाइने खर्च दावी भएको तथा भुक्तानीमा अग्रिमकर कट्टी गर्नुपर्ने कट्टी गरी समयमा दाखिल गरेको नपाईएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि उद्योग तर्फ रु. २,४८,६९,१२०/- संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा ९०(८) र १०१(६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७३/०५/२३ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३/०५/२३ मा जारी भएको सूचना करदाताले मिति २०७३/०५/२९ मा सूचना बुझी लिएको ।

४. करदाताले मिति २०७३/०५/२९ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/०६/१२ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०६८/०६९ का लागि उद्योग तर्फ रु. २,४८,६९,१२०।- संशोधित करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गर्ने गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३/०६/१८ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७३/०६/२८ मा जारी गरेको आ.व. २०६८/०६९ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी श्री गणपती वनस्पती प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०८/२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. आयकर ऐन २०५८ को दफा ११४ उपदफा ८ बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र निवेदन उपर निर्णय दिनुपर्नेमा त्यस्तो निर्णय सूचना निवेदकलाई नदिएमा निवेदकले निवेदन अस्वीकार भएको मानी सोही ऐनको दफा ११६ बमोजिम राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदन गर्न जाने व्यहोराको जानकारी मिति २०७५।१।१३ मा विभागमा इमेल मार्फत दिएको निवेदनबाट गराएको फाइलसाथ संलग्न निवेदन तथा राजस्व न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्रको प्रतिलिपी समेत प्राप्त भएको देखिन्छ । राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदनको कानूनी कारवाही अगाडि बढाउने भएकाले आयकर ऐन २०५८ को दफा ११५ (८) बमोजिम जानकारी गराएको र दफा ११५ (९) बमोजिम विभागले त्यस्तो निवेदन दर्ता भएको मितिमा सो निवेदन अस्वीकार गर्ने निर्णय गरेको हुँदा सो व्यक्तिलाई सो निर्णयको सूचना दिएको मानिने व्यवस्था भएकोले प्रशासकीय पुनरावलोकनका लागि परेको उक्त निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/०१ मा भएको निर्णय।

८. पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा मुख्यतः निम्न लिखित पुनरावेदन जिकिर लिएको देखिन्छ।

क) भुक्तानी नै नभएका एल.सी.हरुको स्थापित दायित्व भन्दा बढी लागत खर्च दावी गरेकोले आयकर ऐन,२०५८ को दफा १५ अनुसार खर्च कट्टी नपाउने देखिएको भन्ने त्रुटिपूर्ण रहेको छ ।

ख) कर निर्धारण आधारको बुँदा नं. ३ मा रु. ११,८२,०५६/- अमान्य गरेको त्रुटीपूर्ण रहेको छ ।

ग) नोक्सानी वापतको रकम रु.३,००,००,२१६/- कट्टी दिन नमिल्ने गरी भएको निर्णय त्रुटिपूर्ण छ ।

घ) अतः विपक्षीबाट भएको प्रस्तुत संशोधित कर निर्धारण निर्णय, सूचना आदेश र महानिर्देशकज्यूको निर्णय (मानी आएको) समेतलाई बदर गरी हाम्रो प्रस्तुत पुनरावेदन र स्वयंकर निर्धारण आय विवरण अनुसार हामीबाट कायम करयोग्य नोक्सानी कायम रहने गरी निर्धारण आदेश अनुसारको कर, शुल्क र व्याजसमेतको कुनै रकम तिर्न नपर्ने गरी फैसला गरी न्याय इन्साफ गरी पाउँ ।

९. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०२/२०/1 मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक गणपति वनस्पति प्रा.लि. का तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री सीताराम अग्रवालले Usance L/C को विनिमयदरका आधारमा भएको खर्च लेखांकन प्रचलित लेखा प्रणली अनुसार नै भएको र यसै न्यायाधिकरणबाट यस सम्बन्धमा धेरै मुद्दाहरु करदाताको पक्षमा फैसला भै सर्वोच्च अदालतबाट पुनरावेदनको निस्सा नपाएको अवस्था छ। गतवर्ष कायम भएको नोक्सानी यस वर्षको आयमा कट्टा गर्न पाउने कानूनी व्यवस्था अनुसार नै कट्टा गरिएकोले सो अमान्य गर्नु मनोगत र आत्मपरक निर्णय हो सो बदरभागी छ भन्ने जिकिर प्रस्तुत गर्नुभयो ।

११. त्यसैगरी प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले Usance L/C भन्ने वित्तीकै सबैमा समान प्रकृतिको सन्दर्भ देखिदैन । तसर्थ पहिले भएका फैसलाहरुबाट यो मुद्दाको तथ्य मेल खाने देखिदैन । गत वर्षको संशोधित कर निर्धारण आदेशानुसार नोक्सानी कायम हुनेमा करदाताले आफ्नो आय विवरण अनुसार दावी लिएकोले फरक रकम जति मात्र अमान्य गरेको कानूनसम्मत नै देखिएकाले सदर हुनुपर्छ भन्ने जिकिर बहस प्रस्तुत गर्नुभयो ।

१२. पुनरावेदक कम्पनीका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भनी निर्णय तर्फ विचार गर्दा पुनरावेदन जिकिरका बुँदाहरुको विषयगत आधारमा निम्नानुसार हुने देखिन आयो।

१३. सर्वप्रथम Usance L/C खोली कारोबार गर्दा हुन गएको Exchange Loss/Gain का सम्बन्धमा विचार गर्दा पुनरावेदक करदाताले उद्योग निरन्तर संचालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ मान्यता प्राप्त बैंकबाट L/C मार्फत आयात गरेको सन्दर्भमा विवाद देखिएन । विवाद रहेको विषय भने भुक्तानी नगरी खर्च कट्टी गरेको भन्ने देखिन आयो । आयकर ऐन, २०५८ को दफा १३ र १५ अनुसार आय आर्जन गरेको वर्षमा मात्र खर्च कट्टी गर्न पाउने कानूनी व्यवस्थाको आधारमा हेर्दा L/C बाट भुक्तानी हुने गरी खरिद गरि विदेशी मुद्रामा भुक्तानी दिन बाँकी रहेको आधारमा मात्र सो वर्षको खर्च होईन भन्न मिल्ने देखिएन ।

आयकर ऐन, २०५८ को दफा २८(२) मा रहेको कानूनी व्यवस्थाको आधारमा समेत विदेशी मुद्रामा अंकित भएको भुक्तानी दिन वा लिन पर्ने रकम कर प्रयोजनको लागि हिसाव गर्दाका बखत प्रचलित विनिमय दर अनुसार सो मुद्रा लाई नेपाली मुद्रामा लेखांकन गर्नु पर्ने देखिन्छ । साथै ऐनको दफा २४ अनुसारको व्यवस्थाबाट भएको आय गणनाको लेखांकन एक्रुयल आधारमा गणना गर्दा कट्टी हुने खर्चहरु समेत एक्रुयल आधारमा नै लेखांकन गर्नु पर्ने हुन्छ । यसरी लेखांकन भएका खर्च भुक्तानी भएको / दिएको बखत विनिमय दरको कारणले फरक पर्न गएमा फरक रकम भूक्तानी दिंदा समायोजन गर्नु पर्ने कानूनी व्यवस्थाको अन्यथा अर्थ लगाई L/c बाट खरिद गरी भुक्तानी दिन बांकी रकमको विनिमय दरको फरक रकम खर्च कट्टी अमान्य गर्न न्याय संगत देखिएन ।

Exchange Rate का कारणले हुने Gain or Loss का सम्वन्धमा हेर्दा पुनरावेदक उद्योगलाई उद्योगको उद्देश्य अनुसारको कारोबार सञ्चालन गर्ने क्रममा वैदेशिक मुद्राको कारोवार अनिवार्य हुने देखियो । आयात–निर्यात कारोवार हुँदा Letter of Credit (L/C) खोलेको दिन, कर प्रयोजनका लागि आय गणना गर्ने दिन र वास्तविक भुक्तानी लिने दिने दिनमा Exchange Rate मा हुने फरक स्वभाविक मानिने र Accrual Basis मा लेखांकन गरिने कानूनी प्रावधान भएकाले नगदको लेनदेन नभए तापनि कारोवार हुनासाथ आम्दानी वा खर्चको सिर्जना (सम्पत्ती वा दायित्व यकिन ) हुने साथै कर प्रयोजनका लागि आय गणना गर्दा समेत विदेशी मुद्रामा अंकित सम्पत्ति दायित्व यकिन गर्न पर्ने भएकाले आय वर्षको अन्तिम दिन दायित्व यकिन हुने गरी भुक्तानी दिन बाँकीका लागि Provision गरेको देखिन्छ ।

आयकर ऐन, २०५८ को दफा २४ को उपदफा (१) मा आयको गणनाको लेखाङ्कन एक्रुयल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ भुक्तानी प्राप्त गरेको मानी निजको आयको गणनामा समावेश गर्नु पर्ने भन्ने र सोही दफाको उपदफा (२) मा भुक्तानी गरिएको समयमा खर्च व्यहोरेको मानिनेछ भन्ने व्यवस्था भएको तथा उपदफा (४) मा आफूले पाउनु पर्ने वा व्यहोर्नु पर्ने कुनै भुक्तानी कट्टा गरेकोमा सटही दरको फरकको कारणले गर्दा सो व्यक्तिले भुक्तानी पाउँदा वा

भुक्तानी दिंदा फरक पर्न गएमा फरक रकमलाई भुक्तानी प्राप्त हुँदा वा दिंदा समायोजन गर्नु पर्नेछ भन्ने व्यवस्था भएको पाइन्छ । यो व्यवस्था अनुसार सटही दरमा फरक परेको कारण कुनै नोक्सानी व्यहोर्नु पर्ने भएमा भुक्तानी प्राप्त हुँदा वा दिंदा समायोजन गर्न पाउने हो तर आर्थिक वर्षको अन्त्यमा रहेको विनिमय दरलाई आधार मानेर फरक रकम देखाई लागत खर्चमा समावेश गर्न पाइदैन भन्ने ठूला करदाता कार्यालयको भनाइ रहेको देखिन्छ । आयकर निर्देशिका, २०६६ को परिच्छेद-८ को दफा ८.५ मा पनि दफा २४ मा भएको यही व्यवस्थालाई सन्दर्भमा लिएर आर्थिक वर्षको अन्त्यको हिसाबले विनिमय दरको फरकलाई आधार बनाएर फरक रकमलाई लागत खर्चमा समावेश गर्न नपाइने भन्ने उल्लेख भएको देखिन्छ।

आयकर ऐन, २०५८ को दफा २८(२) मा "कुनै व्यक्तिको कुनै आय वर्षमा आय गणना गर्दा समावेश गरिने वा कट्टी गरिने रकम नेपाली रुपैयां बाहेक अन्य मुद्रामा अंकित गरिएकोमा ... कर प्रयोजनका लागि हिसाब गर्दाका बखत प्रचलित विनिमय दर अनुसार सो मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्नु पर्नेछ" भनी भएको व्यवस्था तर्फ ध्यान पुग्न गएको देखिंदैन । यो दफा २८(२) ले हिसाब गर्दाका बखतको विनिमय दर अनुसार लेखाङ्कन गर्नु पर्ने व्यवस्था गरेको स्पष्ट छ । दफा २४(४) ले भुक्तानी प्राप्त हुँदा वा दिंदा समायोजन गर्ने कुरा गरेको र दफा २८(२) ले हिसाब गर्दाका बखतको विनिमय दर अनुसार लेखाङ्कन गर्नु पर्ने कुरा गरेकोले यी दुई व्यवस्थाहरु बीच असंगति रहेको हो की भन्ने जस्तो देखिन्छ । खास गरेर Usance L/C कारोबारमा एक आयवर्ष भित्र खरिद गरिएका मालवस्तुको वास्तविक भुक्तानी अर्को आयवर्षमा हुनसक्ने अवस्था पनि रहेको तर कर निर्धारण गर्दा एक आयवर्ष भित्र भएको आय (दफा ३) र खर्च (दफा १३) लाई आधार मानी कर निर्धारण हुने अवस्था रहेको सन्दर्भमा यस्तो असंगति रहेको महशुस हुन आउँछ । तथापि कानून व्याख्याको सामान्य सिद्धान्त के रहेको छ भने ऐनमा प्रयोग भएका प्रत्येक दफा खास अर्थमा प्रयोग भएका हुन्छन् भन्ने मानिन्छ र यस्ता परस्पर द्वन्दमा रहेका दफाहरुको व्याख्या गर्दा यथासम्भव दुवै दफाहरुले जीवन पाउने गरी संगतिपूर्ण व्याख्याको नियम (Rule of Harmonious Construction) प्रयोग गर्नु पर्ने हुन्छ । प्रस्तुत सन्दर्भमा पनि विदेशी मुद्रामा भुक्तानी गर्नुपर्ने गरी भएको Usance L/C कारोबारमा एउटै आर्थिक वर्षभित्र भुक्तानी भएको रहेछ भने सटही दरको कारण फरक परेको रकम दफा २४(४) बमोजिम भुक्तानी प्राप्त हुँदा वा दिंदा समायोजन गर्नमा कुनै वाधा पुग्ने देखिंदैन तर अर्को आर्थिक वर्षमा भुक्तानी भएको अवस्थामा दफा २८(२) बमोजिम हिसाब गर्दाका बखतको सटही दर अनुसार लेखाङ्कन गर्ने र भुक्तानी प्राप्त हुँदा वा दिंदा फरक परेको रकमका सम्बन्धमा दफा २४(४) बमोजिम सोही बखत समायोजन गर्ने गरिएमा यी दुवै दफाहरु आ-आफ्नो स्थानमा अस्तित्वमा रहने देखिनुका साथै यस प्रकारको व्याख्याबाट कर प्रशासनको प्रभावकारितामा कुनै दुष्कृतिजन्य अभ्यासहरुले प्रश्रय पाउने अवस्था पनि देखिन आउँदैन।

लेखामान बोर्डद्वारा जारी नेपाल लेखामान (Nepal Accounting Standard) -११ मा उल्लिखित "विदेशी विनिमय दरको परिवर्तनले पार्ने प्रभाव" शीर्षक अन्तर्गत विदेशी मुद्रामा हुने कारोबारको लेखा राख्ने सम्बन्धमा अनुच्छेद-२१ मा "At each balance sheet date foreign currency monetary items shall be

translated using the closing rate" भनी उल्लेख भएको पाइन्छ भने विदेशी मुद्राको सटही दरमा हुने परिवर्तनबाट फरक पर्न सक्ने आय र नोक्सानीको लेखा राख्ने सम्बन्धमा अनुच्छेद-२५ मा "When the transaction is settled within the same accounting period as that in which it occurred, all the exchange difference is recognized in that period. However, when the transaction is settled in a subsequent accounting period, the exchange difference recognized in each period up to the date of settlement is determined by the change in exchange rates during each period" भनी उल्लेख भएको पाइन्छ । आयकर निर्देशिका, २०६६ (दोस्रो संशोधन, २०७३) को परिच्छेद-८ अन्तर्गत दफा ८.५ मा "नेपाल लेखामानले विदेशी मुद्रामा रहेको पाउन वा दिन बाँकी रकमलाई आय वर्षको अन्तिम दिनको प्रचलित विनिमय दरले हिसाब गरी नेपाली मुद्रामा परिणत गर्नुपर्ने र सोबाट भएको नाफा नोक्सानलाई सो आयवर्षको नाफा नोक्सान हिसाबमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ" भन्ने उल्लेख गरी लेखामान बोर्डले जारी गरेको लेखामानमा उल्लिखित उपर्युक्त व्यवस्थालाई जानकारीमा लिएको पनि देखिएको छ तर उक्त व्यवस्था वित्तीय प्रयोजनका लागि मात्र मान्य हुने भन्दै आयकर प्रयोजनका लागि मान्य नभएको कुरा उल्लेख गरेको पाइन्छ । आयकर ऐन, २०५८ को दफा २२(१) मा करको लेखाङ्कन लेखाको सर्वमान्य सिद्धान्त अनुसार हुनेछ भनी व्यवस्था भइरहेको देखिंदा आयकर निर्देशिकाको दफा ८.५ मा लेखामान बोर्डले जारी गरेको लेखामान आयकर प्रयोजनका लागि मान्य नहुने भनी भएको उल्लेखनलाई कानूनसंगत मात्र सकिने अवस्था देखिंदैन।

यस प्रकार लेखामान बोर्डले जारी गरेको लेखामान अनुसार विदेशी मुद्राको सटही दरमा हुने परिवर्तनको कारण फरक पर्ने रकमलाई हिसाब गर्दाका बखतको दरले लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको र आयकर ऐन, २०५८ को दफा २८(२) बमोजिम पनि सोही अनुसार लेखाङ्कन गर्नु पर्ने गरी व्यवस्था भइरहेको अवस्थामा पुनरावेदक करदाताले अघिल्लो आ.व.मा वास्तविक भुक्तानीको आधारमा प्रत्यक्ष खर्च गणना गरी यस आ.व.सँग असम्बन्धित खर्च दावी गरेको देखिएकोले खर्च दावी गर्न नमिल्ने देखियो भनी Exchange Loss लाई आयकर ऐन, २०५८ को दफा १५ बमोजिम लागत खर्च अमान्य ठहराएको ठुला करदाता कार्यालयको निर्णय मिलेको देखिन आएन ।

१४. त्यसैगरी आ.व. २०६७।०६८ को संसोधित कर निर्धारण आदेश बमोजिम कायम भएको ह्रास आधारको गणना समूह “ग” मा रु.७,७३,४२३/- र समूह “घ” मा रु.२,३०,००,८७५/- मात्र ह्रास खर्च दावी गर्नुपर्नेमा सोमा फरक पारी समूह “ग” र समूह “घ” दुबैमा गरी रु.११,८२,०५६/- बढी ह्रास खर्च कट्टी दावी लिएकोले आयकर ऐन, २०५८ को दफा १९ बमोजिम ह्रास खर्च बढी दिन नमिल्ने भनी गरेको प्रत्यर्थीको निर्णय सम्बन्धमा विचार गर्दा विगत आ.व.मा खरिद अवधि अनुसार सम्बन्धित सम्पत्ति समूहमा समूहिकृत नगरी ह्रास आधार फरक परेकाले संसोधित कर निर्धारण गर्दा प्रत्यर्थी कार्यालयले आयकर ऐनमा भएको कानूनी व्यवस्था अनुसार खरीद अवधि अनुसार गणना गर्दा फरक परेको पाइन्छ । आ.व. २०६६।०६७ को कर निर्धारणमा पनि यसै सन्दर्भमा ह्रास कट्टी अमान्य भएको र सो सम्बन्धमा यी पुनरावेदकले यसै न्यायाधिकरणमा दर्ता

गराएको मुद्दा नं.०७४-**RB**-००४१ को मुद्दामा पुनरावेदन जिकिर नलिई स्वीकार गरेको देखिएबाट पुनरावेदको जिकिर पुग्न सक्ने देखिएन ।

१५. त्यसैगरी पुनरावेदकले जिम्मेवारी सरेको नोक्सानी सम्बन्धमा लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा करदाताले पेश गरेको आय विवरण र संशोधित कर निर्धारण आदेशमा उल्लेखित नोक्सानी परिमाण फरक परी विवाद देखिएको नोक्सानीको सम्बन्धमा माथि विवेचित आधारमा हुने कर निर्धारण आदेशबाट यकिन भै आउने हुँदा थप विवेचना गरिरहन परेन ।

१६. अतः माथि विवेचित आधार र कारणबाट आ.व. २०६८/०६९ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयले मिति २०७३।६।१८ को निर्णयमा विनिमय दरको नोक्सानी खर्च कट्टी अमान्य गरेको हदसम्मको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसील बमोजिम गर्नु ।

## <u>तपसील</u>

यसमा स्थायी लेखा नं. ३०००२१८७३ भएका पुनरावेदक करदाता श्री गणपती वनस्पती प्रा.लि.को आ.व. २०६८/०६९ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयले मिति २०७३।६।१८ को निर्णयमा विनिमय दरको नोक्सानी खर्च कट्टी अमान्य गरेको हदसम्मको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनु.................................१

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनु।....................२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनु।................................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।...................................४

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री रबि न्यौपाने
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल मंसिर २ गतेरोज १ शुभम...............................